नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## लाजिम्पाट, काठमाण्डौ

## आशयपत्र माग गरिएको

## <u>सूचना</u>

यस आन्तरिक राजस्व विभागले आ.ब. २०६६/०६७ मा नेपाल सरकारको स्रोतबाट देहायको कार्य परामर्श सेवा मार्फत २०६७ आषाढ महिना भित्र गराउनु पर्ने भएकोले सो कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो प्रोफायल, संगठन र कर्मचारीको विवरण, विगत पाँच बर्ष भित्रमा सम्पादन गरेको सोही प्रकृतिको काम र स्थानको विवरण, प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको बैयक्तिक विवरण (Bio-data) तथा दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले संयुक्त उपक्रम (joint venture) को रुपमा परामर्श सेवा प्रदान गर्ने भए त्यस्तो फर्म वा कम्पनीहरुको नाम ठेगाना र मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम सहित आयकर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि र विगत तीन वर्षको अन्तिम लेखा परीक्षणको प्रतिबेदनको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परेमा सोको भालीपल्ट) यस विभागमा आशयपत्र पेस गर्न हुन यो सूचना प्रकाशित गरिएकोछ। रीत नपुगि तथा म्याद नाघी प्राप्त हुन आएको आशयपत्रलाई मान्यता दिईने छैन।

- परामर्श सेवाको उद्देश्य र कामको संक्षिप्त विवरण यस प्रकार छ :
  - *परामर्श सेवाको उद्देश्य :*

    नेपालको प्रचलित कर कानूनसम्वन्धी जनचेतना अभिवृद्धि गराउने उद्देश्यले कर विशेषज्ञ अर्थविद् र उपभोक्ताहरू बीच अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन (भक्स्पप समेत समावेश) र वृत्त चित्र निर्माणको माध्यमद्वारा करदाता शिक्षा प्रदान गरी व्यापक कर सहभागिता वृद्धि गराउने।

  - *कामको संक्षिप्त विवरण :*

    टेलिभिजन कार्यक्रम सञ्चालन।

    विस्तृत जानकारीको लागि यस विभागको वेभ साईट वा विभागको कर दाता सेवा शाखा/लेखा शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

- यस सम्बन्धमा तयार गरिएको कार्य क्षेत्रगत शर्त (Terms of Reference) यस विभागको वेभसाईट http://www.ird.gov.np मा हेर्न सकिनेछ।
- परामर्शदाताको छनोट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार गरिनेछ र संक्षिप्त सूचीमा परेका फर्म वा कम्पनीबाट मात्र सो परामर्श सेवा खरिदसम्बन्धी प्रस्ताव माग गरिनेछ। आशयपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा निहित रहनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस विभागमा सम्पर्क गर्न सकिनेछ।

| | |
|---|---|
| **सम्पर्क व्यक्तिको नाम** | : मदन दाहाल/मन्जु अधिकारी |
| **पद** | : शाखा अधिकृत |
| **ठेगाना** | : आन्तरिक राजस्व विभाग, करदाता सेवा शाखा/लेखा शाखा |
| **टेलिफोन नं.** | : ४४१५८०२/४४१५८०३ एक्स्टेन्सन. नं. ३३१/२१६ |

शर्तहरू :

**Program model निम्न अनुरूप हुनुपर्ने छ :**

(१) प्रत्यक साताको एक दिन प्रशारण हुने गरी २० वटा टेलिभिजन कार्यक्रम संचालन गर्नुपर्ने छ,

(२) १६ वटा कार्यक्रमहरू स्टुडियोमा आधारित अन्तरक्रियात्मक हुने छन् । सहभागिहरूमा अर्थविद्, कर विशेषज्ञ, सचेत उपभोक्तासँग सरोकारवाला प्रतिनिधिहरू र करसम्बन्धी उत्सुक व्यक्तिहरू बिच अन्तरक्रिया गर्नुपर्ने छ ।

(३) एउटा कार्यक्रममा बढीमा ४ र घटीमा २ जना बिच अन्तरक्रिया गर्नुपर्ने छ । अन्तरक्रियाको विषय वस्तु मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्कसम्बन्धी सरल रूपमा व्यवहारिक ज्ञान दिने हुनुपर्ने छ ।

(४) करीव १५ वटा कार्यक्रमहरूमा करीव ३/४ मिनेटको भक्सपप् (करसम्बन्धी जनधारणा) लाई समावेश गर्नुपर्ने छ । Target Area ठूला व्यापारीक केन्द्र, सुपर मार्केट हुनुपर्ने, जसमा बील लिनु दिनु पर्नेमा सजक गराउने खालको प्रश्न सोध्नुपर्ने छ ।

(५) प्रत्येक कार्यक्रमको अवधि २५ देखि ३० मिनेटको हुनुपर्ने छ ।

(६) यस विभागद्वारा उपलब्ध गराइएको आवश्यक सूचना, टि.भि. जिङ्गल, प्रत्येक कार्यक्रमको वीचवीचमा करीव ३ मिनेट प्रचार-प्रसार गर्नुपर्ने छ ।

(७) कार्यक्रम प्रशारण समय राती ७:३० देखि १०:०० बजेको बिचमा हुनुपर्ने छ र भोलीपल्ट दिउसो गरी जम्मा २ पटक प्रशारण हुनुपर्ने छ ।

(८) कार्यक्रम संयोजक र प्रस्तोता सम्भव भएसम्म नेपालको कर कानूनसम्बन्धी व्यवहारिक ज्ञान भएको हुनुपर्ने छ ।

(९) कार्यक्रम संचालन गरि सकिए पछि प्रत्येक महिनाको अन्त्यमा प्रशारण भएका कार्यक्रमहरूको विषयमा आन्तरिक राजस्व विभागका प्रतिनिधिहरू र कार्यक्रम संचालन गर्ने संस्थाको प्रतिनिधिहरूवीच आपसि समीक्षा गरी सुधारको लागि पृष्ठपोषण गर्नुपर्ने छ ।

(१०) करिव २० वटा कार्यक्रम संचालन पछि यसले समाजमा पारेको सकारात्मक प्रभाव बुझ्न काठमाडौं उपत्यका भित्रका क्यापसमा करसम्बन्धी अध्ययन गर्ने विद्यार्थीसँग ५/१० वटा प्रश्न निर्माण गरी सोध कार्यको रिपोर्ट विभागमा पेश गर्नुपर्ने छ ।

(११) २० वटा कार्यक्रम मध्ये ४ ओटा Field base वृत्त चित्रहरू हुनुपर्ने छ । यस्ता वृत्त चित्रहरूमा ठूला करदाता कार्यालय, आ.रा.का. १, २, ३, बिराटनगर, बिरगञ्ज, भैरहवा र नेपालगञ्ज आन्तरिक राजस्व कार्यलयका गतिविधिहरूका साथै त्यस क्षेत्रका व्यावसायिक गतिविधि समेटी प्रत्यक्ष जनचेतना जगाउने खालको हुनुपर्ने छ ।

(१२) प्रत्येक कार्यक्रमको अन्त्यमा एउटा प्रश्न आन्तरिक राजस्व विभागबाट प्राप्त गरी स्रोता/दर्शकहरूको लागि दिनुपर्ने छ र दोस्रो कार्यक्रममा उत्तर मिलाउनेलाई (गोला प्रथाद्वारा) सानो उपहारको (करीव रू ५०००।-) व्यवस्था गर्नुपर्ने छ ।

(१३) कार्यक्रम संचालन गर्दा (कार्यक्रम निर्माण देखि प्रस्तोतासम्मको) गरिने अन्तरक्रिया **"हामीले तिरेको कर हाम्रै विकासका लागि, आधुनिक र सम्वृद्ध नेपाल निर्माणका लागि"** भन्ने धारणा अभिवृद्धि गराउने तर्फ बढी केन्द्रित हुनुपर्ने छ ।

**आर्थिक प्रस्ताव**

| **सि. नं.** | **विवरण** | **सङ्ख्या** | **इकाई** | **प्रति इकाई दर** | **जम्मा** |
|---|---|---|---|---|---|
| १. | अनुसन्धान, कन्सेप्ट र कार्यक्रमको डिजाइन | | वटा | | |
| २. | स्क्रिप्ट, निर्देशन र प्रस्तुती | | वटा | | |
| ३. | स्टुडियो, छायाँङ्कन, सम्पादन र प्रसारण | | वटा | | |
| ४. | भक्स्पप (२/२) मिनटको | | एकमुष्ट | | |
| ५. | छायाँङ्कन र मास्टर क्यासेट | | एकमुष्ट | | |
| ६. | वृत्तचित्र निर्माण, ४ वटा | | वटा | | |
| ७. | वृत्तचित्र प्रसारण शुल्क | | एकमुष्ट | | |
| ८. | अनुगमन तथा अन्य खर्च | | एकमुष्ट | | |
| | | | | **कूल जम्मा :** | |
| **अक्षरूपी रू :** | | | | | |

**प्रस्तावदाताको दस्तखत**

**नाम :**

**ठेगाना :**

**मिति :**

**टेलिभिजन कार्यक्रम कार्य तालिका निम्नअनुसार हुनुपर्ने छ :**

| **प्रस्तुती कार्यक्रम प्रारूप** | **कार्यक्रम संचालन** | **प्रसारण समय** | **प्रसारण अवधि** | **विषय वस्तु** | **सहभागिहरू** |
|---|---|---|---|---|---|
| १. स्टुडियोमा आधारित अन्तरक्रियात्मक (१६ वटा)<br>२. करसम्बन्धी विषयवस्तु समेटिएको (४ वटा) वृत्त चित्र<br>३. करीव ३/४ मिनटको भक्स्पप<br>४. कार्यक्रम संचालनका क्रममा विभागिय सूचना प्रसारण | प्रत्येक साताको एक दिन (आपसि सहमतीमा बार तय गर्ने ।) | बेलुकी ७:३० देखि १० बजे सम्म र भोलिपल्ट दिउसो एक पटक गरी दुई पटक | करीब २५ देखि ३० मिनट | करसम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्ने जनचेतनामूलक | अर्थविद्, कर विशेषज्ञ, उपभोक्तासँग सरोकारवाता प्रतिनिधि |

- यससम्बन्धी अन्य शर्तहरू आर्थिक प्रस्तावको कार्यक्रम **model** मा उल्लेख भए बामोजिम हुनेछ ।

**परामर्श सेवाको उद्देश्य**

नेपालको प्रचलित कर कानूनसम्बन्धी जनचेतना अभिवृद्धि गराउने उद्देश्यले कर विशेषज्ञ अर्थविद् र उपभोक्ताहरू बीच अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन (भक्स्पप समेत समावेश) र वृत्त चित्र निर्माणको माध्यमद्वारा करदाता शिक्षा प्रदान गरी व्यापक कर सहभागिता वृद्धि गराउने ।

**कामको संक्षिप्त विवरण**

टेलिभिजन कार्यक्रम सञ्चालन

विस्तृत जानकारीको लागि यस विभागको Web. Site वा विभागको करदाता सेवा शाखा/लेखा शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।